# मेन्छयायेम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# मोराहाङ, तेह्रथुम

१ नम्बर प्रदेश नेपाल

पत्र संख्या :०७५/०७६
चलानी नं.: २२८

मितिः.२०७५/११/१४

विषय : कार्यान्वयन गर्ने सम्वन्धमा ।

श्री मेन्छयायेम गाउँपालिका,
वडा कार्यालयहरु सवै ।

उपरोक्त सम्वन्धमा, गाउँसभाद्वारा विनियोजित कार्यक्रमहरु उपभोक्ता मार्फत संचालन गर्ने क्रममा , ताहाँ वडा कार्यालयले कागजहरु आवश्यक जाँच नगरी , सम्झौताको लागि सिफारिस गर्ने, पेश्की तथा कार्यप्रगतीको आधारमा भुक्तानीको लागि सिफारिस गर्ने र कार्यसम्पन्नतको सिफारिस गर्ने गरेको पाइयो जसले गर्दा, उपभोक्ता समितिका पदाधिकारीहरुले , अपुरो कागजपत्र पेश गर्ने अवस्था हुन गई, वारम्वार दुःख पाइरहेको अवस्था छ । अत : अब उप्रान्त तपसिल बमोजिम रुजु गरेर मात्र सिफारिस गर्न हुन अनुरोध छ ।

तपसिल

**१. सम्झौताको चरणमा**

क. आमभेलाको निर्णयको प्रतिलिपि वडाध्यक्षद्वारा प्रमाणित गरेको हुनुपर्ने
ख. आमभेलामा उपस्थिती स्थानीयवासी मात्र समितिका पदाधिकारीहरु हुनुपर्ने
ग. आमभेलामा र उपभोक्ता समितिका उपस्थिती तथा निर्णयहरुमा रहेका हस्ताक्षर फरक हुन नहुने
घ. उपभोक्ता समितिका उपस्थिती तथा निर्णयहरुका प्रतिलिपि अध्यक्षद्वारा प्रमाणित गरेको हुनुपर्ने
ङ. समितिका सदस्यहरु , कानून अनुसार अयोग्य हुन नहुने
च. अध्यक्ष वाहेक अन्य सदस्य सम्झौताको लागि आउने भएमा, समितिको निर्णय हुनुपर्ने
छ. वार्षिक विनियोजित बजेट शिर्षक अनुसार, कार्यक्रमको शिर्षक र रकम मिलेको हुनुपर्ने
ज. योजना किताबमा उल्लेख गरेका अन्य विवरणहरु हेनुपर्ने

**२. पेश्की तथा कार्य प्रगतीको भुक्तानी चरणमा**

क. उपभोक्ता समितिका उपस्थिती तथा निर्णयहरुका प्रतिलिपि अध्यक्षद्वारा प्रमाणित गरेको हुनुपर्ने
ख. पेश्की तथा कार्य प्रगतीको भुक्तानीको सम्वन्धमा कार्यालयमा सम्पर्क गरेर मात्र गर्नुपर्ने

**२. भुक्तानीको चरणमा**

क. उपभोक्ता समितिका उपस्थिती तथा निर्णयहरुका प्रतिलिपि अध्यक्षद्वारा प्रमाणित गरेको हुनुपर्ने
ख. डोरहाजिरी भएमा, वुझाउनेमा कोषाध्यक्ष, पेश गर्नेमा सचिव तथा प्रमाणित गर्नेमा अध्यक्षको हस्ताक्षर हुनुपर्ने
ग. अन्य विल कागजातहरु , सम्वन्धित व्यक्ति वा संस्थाले रकम बुझेको देखिएमा हस्ताक्षर हुनुपर्ने, नभएमा अध्यक्षले विल , कागजातहरु प्रमाणित गरेको हुनपर्ने
घ. योजना किताबमा उल्लेखत सम्पूर्ण विवरणहरु

११/१४
नवदीप राई
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क : अध्यक्षः मो. ९८५२०८४७७७ , उपाध्यक्षः मो. ९८५२०८३७७७, प्र.प्र.अं : मो.९८५२०८२७७७
इमेल : menchhayayemruralmun73@gmail.com, वेभसाइट www.menchhayayemmun.gov.np